सूचनाको हक सम्बन्धी ऐन, २०६४

को दफा (५) तथा नियमावलीको नियम (३) बमोजिम स्वतः प्रकाशन हुने सूचना

# आन्तरिक राजस्व कार्यालय

## वीरगंज, पर्सा ।

## आ.व. २०८२/०८३

**(स्वतः प्रकाशन २०८२ श्रावण देखि २०८३ असार मसान्तसम्म)**

### १. आन्तरिक राजस्व कार्यालय, वीरगंज पर्सा

नेपालको संविधानले परिलक्षित गरे अनुरुप विकास र समद्धिको लक्ष्य साकार पार्न आन्तरिक स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहन्छ। मुलुकको आन्तरिक राजस्व परिचालन गर्ने मुल उद्धेश्यका साथ अर्थ मन्त्रालय अन्तर्गत विभागका रुपमा रहेको आन्तरिक राजस्व विभाग मातहत ४७ वटा आन्तरिक राजस्व कार्यालयहरु मध्ये आन्तरिक राजस्व कार्यालय, वीरगंज पर्साले मुख्य रुपमा आयकर, मुल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐन/कानूनको प्रशासन गर्न मिति २०५८ सालमा स्थापना भएको एक कार्यालय हो । यस कार्यालयले पर्सा जिल्ला भित्र अवस्थित करदाताहरुको कर प्रशासन गर्दै करदाता सेवा, राजश्व संकलन र कर परिक्षण एवम् अनुसन्धानको कार्यहरु गर्दछ । आन्तरिक राजस्व परिचालनका लागि महत्वपूर्ण टेवा पुर्याउने उद्देश्यका साथ सूचना प्रविधिको उपयोग गर्दै करदाता सेवा प्रदान गर्ने, सबै करदाताको पहिचान दिने गरी स्थायी लेखा नम्बर जारी गर्ने, स्वयं कर निर्धारण प्रणालीलाई आत्मसाथ गर्दै सीमित करदाताको कर परीक्षण र अनुसन्धान गर्ने, सूचना प्रविधिको उपयोगबाट कर सहभागिता बढाउने र कर संकलन लागत घटाउने, करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउने, करदाता शिक्षा तथा सचेतना कार्यक्रम, करदातामैत्री प्रशासनलाई आत्मसाथ गर्दै स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न यस कार्यालयले आफ्नो दैनिक काम कार्यवाही सञ्चालन तथा सेवा प्रवाह गर्दै आएको छ । आन्तरिक राजस्वमा हुने बढोत्तरीसंगै मुलुकको आर्थिक समृद्धि जोडिएकोले करछली तथा चुहावट नियन्त्रण गरी **कर प्रणालीको सार, लगानीको आधार** तर्फ यस कार्यालय परिलक्षित रहेको छ।

२. कार्यालयको संगठन संरचना/ दरवन्दी तेरिजः

| विवरण | पद, नाम | तह/श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| **कार्यालय प्रमुख** | **श्री टिकाराज चौलागाई** | **रा.प. द्धितीय** | **प्रशासन** | **राजस्व** | **१** | |
| कर अधिकृत | श्री कमल मैनाली | रा.प. तृतीय | प्रशासन | राजस्व | दरवन्दी ८ जना।० रिक्त | |
| कर अधिकृत | श्री उद्धव प्रसाद अधिकारी | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री पप्पु कुमार गुप्ता | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री सुजित कुमार ठाकुर | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री जित बहादुर राना | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री शशी साह | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री रितिसा गौतम | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री रेशम तामाङ्ग | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री सिताराम पण्डित | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | १५ जना।४ रिक्त | |
| नायब सुब्बा | श्री नैमुदिन अन्सारी | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री मिठु कुमार राम | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री निलम थापा | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री अनिमा श्रेष्ठ | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री प्रदिप केशरी | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री उमेश प्रसाद अवस्थी | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री भुप बहादुर सोती | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायव सुब्बा | श्री सुमन ज्ञवाली | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायव सुब्बा | श्री सावित्रा रास्कोटी | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायव सुब्बा | श्री कमला रोकाय | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| लेखापाल | श्री सुनिल कुमार श्रेष्ठ | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १जना/० रिक्त | |
| कम्प्युटर अप. | श्री सुबोध मण्डल | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | २ जना।० रिक्त | |
| कम्प्युटर अप. | श्री राहुल प्रसाद जैसयवाल | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | | |
| सवारी चालक | श्री कोखिला तामाङ्ग | श्रेणी बिहिन | विविध | | २ जना।० रिक्त | करार |
| सवारी चालक | श्री हरि प्रसाद बस्याल | श्रेणी बिहिन | विविध | | | करार |
| का.स | श्री शशी प्रसाद चौरासीया | श्रेणी बिहिन | प्रशासन | राजस्व | ३ जना।० रिक्त | |
| का.स | श्री शिवरात्री चौधरी | श्रेणी बिहिन | विविध | | | करार |
| का.स | श्री मिना थापा | श्रेणी बिहिन | विविध | | | करार |

## ३. कार्यालयको कामसंग सम्वन्धित विशेष कानूनहरु :

- सालवसाली रुपमा जारी हुने आर्थिक ऐन,
- आयकर ऐन, २०५८ र नियमावली, २०५९ तथा आयकर निर्देशिका, २०६६
- मू.अ.कर ऐन, २०५२ र नियमावली, २०५३ तथा मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- अन्तःशुल्क ऐन, २०५८ र नियमावली, २०५९ तथा अन्तःशुल्क निर्देशिका, २०६८
- मदिरा ऐन, २०३१ र नियमावली, २०३३
- जग्गा तथा घरजग्गा निसर्गमा पुंजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन, २०७६)
- विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४
- ढुवानी सेवामा मू.अ.कर कार्यान्वयन निर्देशिका, २०८०
- गैर बासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९।

## ४. कार्यालयबाट प्रवाह हुने सेवा र शाखागत कार्य जिम्मेवारीः-

प्रमुख कर अधिकृत कार्यालय प्रमुख रहने गरी ८ जना कर अधिकृत, १ जना कम्प्युटर अधिकृत, १५ जना नायव सुव्वा, १ जना लेखापाल, २ जना कम्प्युटर अपरेटर, २ जना हलुका सवारी चालक र ३ जना कार्यालय सहयोगी गरी कुल ३३ जनाको दरवन्दी रहेको यस कार्यालयमा देहाय बमोजिमको शाखा रही निम्न कार्यहरु नियमित रुपले सम्पादन हुने गर्दछ ।

**क. करदाता सेवा शाखाः-** स्वीकृत दरबन्दी संरचना बमोजिम १ जना कर अधिकृत शाखा प्रमुख र आवश्यकता बमोजिम सहायक कर्मचारीहरु रहने यस शाखाले देहाय बमोजिमको कार्यहरु सम्पादन गर्ने गर्दछः-

- आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कतर्फ दर्ता सम्बन्धी गर्ने ।
- व्यक्तिगत स्थायी लेखा नम्वर प्रदान गर्ने ।
- अन्तःशुल्क विवरण रुजु (Verify) गर्ने ।
- अन्तःशुल्क इजाजतपत्र जारी गर्ने र सो को नियमानुसार नवीकरण गर्ने ।
- करदाता शिक्षा एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।
- करचुक्ता प्रमाणपत्र प्रदान गर्ने।
- आयविवरण, मूल्य अभिवृद्धि कर विवरण र अन्तःशुल्क विवरण पेश नगर्ने करदातारुको सूची तयार गरी दाखिलाको लागि अनुरोध गर्ने ।
- दर्ता खारेजीको प्राप्त निवेदन उपर CB गरी कर परीक्षण तथा अनुसन्धान शाखामा पठाउने ।
- करदाताको अभिलेख अध्यावधिक राख्ने।
- कम्प्युटर विजकको स्वीकृती प्रदान गर्ने।
- कर छुट संस्थाको रुपमा दर्ता भएका करदाताहरुलाई कर छुट प्रमाणपत्र जारी गर्ने।

- आन्तरिक राजस्व विभागबाट EIMIS मा निर्दिष्ट कार्यजिम्मेवारीहरु (Functional Indicators) को लक्ष्य पूरा गर्ने ।

**ख. <u>कर संकलन शाखा:-</u>** स्वीकृत दरबन्दी संरचना बमोजिम १ कर अधिकृत शाखा प्रमुख र आवश्यकता बमोजिम सहायक कर्मचारीहरु रहने यस शाखाले देहाय बमोजिमको कार्यहरु सम्पादन गर्ने गर्दछ:-

- राजस्व संकलन गर्ने ।
- बक्यौता असूली गर्ने ।
- बक्यौता हिसाब मिलान गर्ने ।
- बक्यौता दाखिला गर्न अटेर गर्ने करदाता उपर कानूनी कारवाहीको प्रक्रिया अवलम्बन गर्ने ।
- बेरुजु व्यवस्थापन गर्ने ।
- प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन व्यवस्थापन गर्ने ।
- Revenue Accounting System and RAS System को विश्लेषण र कार्यान्वयन गर्ने ।
- कम्प्युटरमा प्रविष्टि भएका भुक्तानी सम्बन्धी विवरण अध्यावधिक गर्ने ।
- आन्तरिक राजस्व विभागबाट EIMIS मा निर्दिष्ट कार्यजिम्मेवारीहरु (Functional Indicators) को लक्ष्य पूरा गर्ने ।

**ग. <u>कर परिक्षण तथा अनुसन्धान शाखा:-</u>** स्वीकृत दरवन्दी संरचना बमोजिम यस शाखामा २-२ जना कर अधिकृतको समूह रहने गरी तीन वटा समूह रहन्छ । तीन वटा समूहमा प्रतिसमूह २ जना कर अधिकृत र आवश्यकता अनुसार सहायक कर्मचारीहरु रहने यस शाखाबाट देहाय बमोजिमका कार्यहरु सम्पादन हुने गर्दछ:-

- जोखिम सूचकका आधारमा छनौटमा परेका करदाताहरुको पूर्ण कर परिक्षण एवम् अनुसन्धानको कार्य गर्ने ।
- जोखिम सूचकका आधारमा छनौटमा परेका करदाताहरुको चालू वर्षको कर परीक्षण (Stock Verification) गर्ने ।
- अग्रीम कर कट्टी परीक्षण गर्ने ।
- दर्ता खारेजीको परीक्षण गर्ने ।
- बजार अनुगमन गर्ने।
- आन्तरिक राजस्व विभागबाट EIMIS मा निर्दिष्ट कार्य जिम्मेवारीहरु (Functional Indicators) को लक्ष्य पुरा गर्ने ।

५. **आन्तरिक राजस्व कार्यालय वीरगंजले सेवाग्राही तथा करदातामैत्री सेवा प्रवाहका लागि अवलम्बन गरेका केही अभ्यासहरू**

- सेवाग्राही सहायता कक्ष (Taxpayer Facilitation Desk) स्थापना गरी स्व-सेवा (Self-Service) लिन सक्ने सेवाग्राहीका लागि कम्प्युटर, प्रिन्टर तथा उच्च गतिको इन्टरनेटसहित आवश्यक डिजिटल पूर्वाधारको व्यवस्था गरिएको छ। साथै, सहायता आवश्यक पर्ने सेवाग्राहीलाई सहज, प्रभावकारी तथा गुणस्तरीय सेवा उपलब्ध गराउन एक जना (Dedicated) कर्मचारी खटाइएको छ।
- सेवाग्राहीको सुविधा, आराम तथा मर्यादित सेवा अनुभव सुनिश्चित गर्न पर्याप्त मात्रामा टेबल, बेन्च तथा अन्य आवश्यक फर्निचरसहितको व्यवस्थित र सुविधा सम्पन्न प्रतीक्षालय (Waiting Area) को व्यवस्था गरिएको छ।
- सेवाग्राहीको स्वास्थ्य तथा सुविधालाई मध्यनजर गर्दै तातो तथा चिसो शुद्ध पिउने पानी उपलब्ध गराउन आधुनिक Water Dispenser जडान गरिएको छ।
- प्रतीक्षालयमा सेवाग्राहीको समयलाई उपयोगी तथा सहज बनाउन टेलिभिजन (Television) जडान गरिएको छ।
- कार्यालयको QR Code सहितको डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) तथा सुझाव एवं गुनासो व्यवस्थापन प्रणाली (Suggestion & Complaint QR Code) लाई कार्यालयको मुख्य प्रवेशद्वारदेखि प्रत्येक शाखा तथा सेवा कक्षको अग्र भागमा राखिएको छ।
- जेनजी आन्दोलन पश्चात कार्यालयको भौतिक संरचना तथा Service Design लाई सेवाग्राहीमैत्री अवधारणाअनुसार पुनःविन्यास (Layout Design) गरिएको छ। विशेष गरी सेवा प्रवाहमा बढी भिडभाड हुने सेवा तथा संकलन शाखाहरूमा आरामदायी Waiting Area, Air-Conditioned Environment तथा तातो–चिसो पिउने पानीको व्यवस्था गरी सेवाग्राहीको सेवा अनुभवलाई थप सहज, व्यवस्थित तथा गुणस्तरीय बनाउने प्रयास गरिएको छ।
- आर्थिक ऐन, २०८३ बमोजिम प्रदान गरिएका कर छुट तथा सहुलियतहरूको प्रभावकारी कार्यान्वयनका लागि छुट्टै स्किम सहायता कक्ष (Scheme Assistance Desk) स्थापना गरिएको छ। उक्त कक्षमा २ जना नायब सुब्बा तथा १ जना कर अधिकृत Dedicated रुपमा परिचालन गरिएको छ। उक्त कक्षमा "करदाताको जिज्ञासा – हाम्रो जिम्मेवारी" तथा "करदाताको समस्या – हाम्रो प्राथमिकता" भन्ने सेवामूलक सन्देश स्पष्ट रूपमा प्रदर्शन गरिएको छ। साथै, कर छुट तथा सहुलियत सम्बन्धी आवश्यक जानकारी, परामर्श तथा सहजीकरण प्रदान गर्न "आर्थिक ऐन, २०८३ ले प्रदान गरेका छुट तथा सुविधाहरू सम्बन्धी जानकारी तथा आवश्यक सहयोगका लागि यहाँ सम्पर्क गर्नुहोस् भन्ने सूचना समेत प्रदर्शित गरी करदातामैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।
- करदातालाई न्यूनतम रुपमा आवश्यक पर्ने जानकारीमूलक सन्देश सहितको Flex Print with Manual and Digitalized Board कार्यालयको प्रवेशद्धार नजिक अग्र भागमा राखिएको छ।
- करदातालाई आवश्यक पर्ने सूचना सेवा सम्बन्धी जानकारीलाई व्यवस्थित रूपमा संकलन गरी करदातालाई प्रदान गर्न काठबाट निर्मित Information Bank राखिएको छ।

६. <u>२०८३ असार मसान्त सम्मको करदाता दर्ताको अवस्था</u>

यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत रहेका करदाता दर्ता संख्या देहाय अनुसार रहेको छः-

| सि.नं. | दर्ताको प्रकृति | २०८३ असार मसान्तसम्म दर्ता संख्या (Active) | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक स्थायी लेखा नम्वर (BPAN) | ४४,८३३ | |
| २ | व्यक्तिगत स्थायी लेखा नम्वर (PPAN) | १,१५,३७६ | |
| ३ | मूल्य अभिवृद्धि कर दर्ता (VAT) | १२,१५३ | |
| ४ | अन्तःशुल्क इजाजत (Excise) | १,९८६ | |
| ५ | Withholder PAN (WPAN) | ५०५ | |

७. <u>राजस्व संकलनको अवस्थाः</u>

आर्थिक बर्ष २०८१/०८२ मा आन्तरिक राजस्व विभागबाट कार्यालयलाई निर्धारित रु. ८ अर्व ७१ करोड ८२ लाखको राजस्व संकलनको लक्ष्य तोकिएकोमा असार मसान्तसम्म निर्धारित लक्ष्यको १०९ प्रतिशत लक्ष्य हसिल भएको छ । चालु आ.व. २०८२/०८३ को श्रावणमा केहि राजस्व संकलन भएको देखिएता पनि २०८२ भदौ २३ र २४ गते भएको जेन जेड आन्दोलनको कारण बजारमा देखिएको प्रभावका साथै अन्य विविध कारणले राजस्व संकलनमा गत बर्षको तुलनामा अपेक्षित उपब्धी हासिल भएको देखिएन। आ.व.२०८२/८३को श्रावण देखि असार मसान्तसम्म भएको राजस्व संकलनको अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छः-

<u>तालिका: ३ चालु आ.व. २०८२/०८३ को असार महिनासम्मको निर्धारित लक्ष्य र प्रगती:- रकम रु हजारमा।</u>

| समूह | आ.व. २०८२/८३ (२०८२ श्रावण देखि २०८३ असार महिनासम्म को) | | |
|---|---|---|---|
| | समूह | समूह | समूह |
| आयकर | ४३४६३६९ | २५१२१९०/७१ | ५८ |
| मु.अ.कर | २५०५३९२ | २२१५५०३/५ | ८८ |
| अन्तःशुल्क | ४८०६१७९ | ४५९६७४०/८ | ९६ |
| जम्मा | ११६५८२४२ | ९३२५५१८/४९ | ८० |

८. <u>आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण:</u>

| जम्मा बिनियोजित बजेट | | २०८३ असार महिनासम्म पुँजिगत खर्च | २०८३असार मसान्त सम्म चालु खर्च | जम्मा खर्च | प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|
| चालु | पुँजीगत | | | | |
| ३,९३,७७,००० | ७०,३०,००० | ४१,१५,०३१।४३ | २,९१,८७,८६९।४८ | ३,३३,०२,९००।९१ | ७१.५३ % |

**९. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

कुनै पनि बिषयमा निर्णय लिनुपूर्व कानूनी प्रक्रिया पुर्याई सम्वन्धित शाखाबाट उठान भएका बिषयमा आधार र कारण सहित कार्यालय प्रमुखबाट निर्णय गराई कार्यम्पादन हुने गरेको।

**१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र सम्पर्क नम्वर:**

- सूचना अधिकारी पप्पु कुमार गुप्ता (९८५५०१४०९२)
- कार्यालय प्रमुख टिकाराज चौलागाई (९८५५०३४०९२)

**११. कार्यालयको सम्पर्क माध्यम:**

आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्सा

Website: https://ird.gov.np/branch/inlandrevenueofficebirjung.

Email: iro17@ird.gov.np

Contact no: ०५१ -५३०२७५

Location:
https://www.google.com/maps?ll=27.013859,84.873539&z=17&t=m&hl=en&gl=NP&mapclient=embed&cid=7380238208664162623